गाउँकार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

जनक पुन
अध्यक्ष

बैठक नं.८

आज मिति २०७९।०५।१७ गते शुक्रबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| ४ | थम बहादुर घर्ती मगर | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ५ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ६ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ७ | टंक बहादुर पुन | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ८ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ९ | घन बहादुर घर्ती मगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| १० | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| ११ | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| १२ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १३ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १४ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १५ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १६ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १७ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १८ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के.सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २१ | गोपाल पोखरेल | ने० प्रा. | – ॥ – | |

गाउँकार्यपालिकाको कार्यालय
होलेरी, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

जनक पुन
अध्यक्ष

CamScanner

**प्रस्ताव तथा निर्णयहरु:**

१. सार्वजनिक तथा प्रति ऐलानि जग्गाको सम्बन्धमा।
२. ब्याक हो लोडरको दररेट सम्बन्धमा।
३. प्रधानमन्धी रोजगार कामदार परिचालन सम्बन्धमा।
४. विशेष सभा बोलाउने सम्बन्धमा।
५. सामाजिक सुरक्षाको रकम सम्बन्धमा।

**निर्णय नं १.**

रुन्टीगढी गाउँपालिकाकाको होलेरी बजार क्षेत्रमा निर्माण गरिएका टहरा तथा घरहरुको व्यवस्थापनका लागि जिल्ला नापि कार्यालयमा कार्यरत अमिन झिकाइ होलेरी बजार क्षेत्रमा रहेको मन्दिर, विद्यालय, ऐलानि तथा सार्वजनिक बनको क्षेत्र छुट्याउन लगाउने तत्पश्चात सर्वदलिय सर्वपक्षीय भेला गरि आवश्यक कार्य गर्ने।

**निर्णय नं २**

रुन्टीगढी गाउँपालिकामा कार्य गर्ने ब्याक हो लोडरको प्रयोगको सम्बन्धमा प्रतिघन्टा कार्य गरे वापत बकेटको २५००/- रुपैया र ब्रेकर प्रयोग गरे बापत प्रतिघन्टा ३५००/- रुपैया र ठूलो मेशिनका लागि प्रतिघन्टा कार्य गरे वापत बकेटको ५७००/- रुपैया र ब्रेकर प्रयोग गरे बापत प्रतिघन्टा ६७००/- रुपैया कायम गर्ने।

**निर्णय नं ३**

रुन्टीगढी गाउँपालिकाको सन्दर्भमा प्रधानमन्त्री रोजगारमा संलग्न कामदारहरुलाई नियमित परिचालन गर्न सम्पूर्ण वडाहरुमा ब्लक निर्माण गरि कृषि उत्पादनसँग जोड्ने साथै त्यस्तो कार्यका लागि जग्गा छनौट गरि आगामी बैठकमा सूचि दर्ता गर्ने र त्यस्तो संरचानाको रेखदेख तथा संरक्षण सम्बन्धित वडाको हुने।

**निर्णय नं ४**

रुन्टीगढी गाउँपालिकाको कार्यालय होलेरी रोल्पाको विशेष गाउँसभा २०७९ को भाद्र महिनाको ३० गते गर्ने।

**निर्णय नं ५**

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पाबाट वितरण गरिने सामाजिक सुरक्षाको रकम अन्य बैकहरुले समेत वितरण गरेकोमा अब उक्त सामाजिक सुरक्षाको रकम सरकारी बैकको रुपमा होलेरीमा रहेको राष्ट्रिय बाणिज्य बैकबाट मात्र वितरण गर्ने।